**आकाशवाणी समाचार- नेपाली**

मितिः ०९ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा सेशेल्सको राष्ट्रपति पैट्रिक हर्मिनीसित वार्ता गर्नुहुनेछ।

- गृहमंत्री अमित शाह आफ्नो तीन दिवसीय छत्तीसगढ भ्रमणको अंतिम दिन आज जगदलपुरमा बस्तर पांडुम उत्सवमा भाग लिनुहुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज "परीक्षा पे चर्चा" २०२६ को दोस्रो प्रकरणमा देशभरी का विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्नुहुनेछ।

- जापानको प्रधानमन्त्री साने ताकेइचीको सत्तारुढ दलले संसदीय चुनावमा विजय प्राप्त गरेको छ।

- भारतले चीनको तियानजिनमा भएको एसियाली इनडोर एथलेटिक्स च्याम्पियनसिपमा पाँच पदकसहित आफ्नो अभियान समाप्त गरेको छ।

**<u>प्रधानमंत्री - सेशेल्स राष्ट्रपति</u>**

प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा सेशेल्सको राष्ट्रपति पैट्रिक हर्मिनीसित वार्ता गर्नुहुनेछ। दुवै नेताले आपसी हितको द्विपक्षीय, क्षेत्रीय अनि अंतरराष्ट्रीय मुद्दाहरुमाथि चर्चा गर्नुहुनेछ। राष्ट्रपति हर्मिनी आज बेलुकी राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मूसित पनि भेट वार्ता गर्नुहुनेछ। डॉ. हर्मिनी भारतको पांच दिवसीय यात्रामा हिज नयाँ दिल्ली आइपुग्नुभएको छ। केंद्रीय मंत्री अनुप्रिया पटेलले हवाई अड्डामा उहाँको स्वागत गर्नुभयो। डॉ. हर्मिनी चेन्नई अनि मुंबईमा कार्यक्रमहरुमा भाग लिए पछि नयाँ दिल्ली पुग्नुभएको हो।

**<u>शाह-छत्तीसगढ़ दौरा</u>**

गृहमंत्री अमितशाह आफ्नो तीन दिवसीय छत्तीसगढ भ्रमणको अंतिम दिन आज जगदलपुरमा बस्तर पांडुम उत्सवको समापन समारोहमा मुख्य अतिथिको रूपमा भाग लिनुहुनेछ। बस्तरको समृद्ध आदिवासी विरासतलाई मनाइने यस उत्सवको उद्घाटन गत शुक्रवार राष्ट्रपति द्रोपदी मुर्मुले गर्नुभएको थियो।

**<u>परीक्षा पे चर्चा</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज "परीक्षा पे चर्चा" २०२६ को दोस्रो एपिसोडमा देशभरी का विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्नुहुनेछ। कार्यक्रम बिहान १० बजे विभिन्न प्लेटफर्महरूबाट प्रसारित हुनेछ। केही दिनमा बोर्ड परीक्षा हुन गैरहेको छ यसैले विद्यार्थीहरूसँगको अन्तर्क्रियाको केन्द्रबिन्दु परीक्षाको दबाब, तयारी रणनीति, समय व्यवस्थापन र आत्मविश्वास निर्माण गर्न सकारात्मक सोचमा हुनेछ। प्रधानमन्त्रीले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएकोछ यस एपिसोडमा तमिलनाडुको कोइम्बटूर, छत्तीसगढको रायपुर, गुजरातको देव मोगरा र आसामको गुवाहाटीका परीक्षा योद्धाहरूसँग अन्तर्क्रिया गर्नु हुनेछ। "परीक्षा पे चर्चा" को नवौं संस्करणको दोस्रो एपिसोड प्रधानमन्त्री नरेन्द्र मोदीको युट्युब च्यानल, दूरदर्शन र शिक्षा मन्त्रालयको सामाजिक

सञ्जाल प्लेटफर्महरूमा प्रसारण गरिनेछ। "परीक्षा पे चर्चा" को यस सत्रमा प्रधानमन्त्रीले बोर्ड परीक्षा कसरी सञ्चालन गर्ने, आत्मविश्वास कसरी निर्माण गर्ने, सकारात्मक रहन र मानसिक तनाव र दबाब जस्ता सामान्य चुनौतीहरूलाई कसरी पार गर्ने भन्ने बारेमा उपयोगी सल्लाह साझा गर्नुहुनेछ। कार्यक्रमको पहिलो एपिसोड फेब्रुअरी ६ मा प्रसारित भएको थियो, जहाँ प्रधानमन्त्री मोदीले प्रश्नहरूको जवाफ दिनुभयो र सहभागीहरूसँग अन्तरक्रिया गर्नुभयो। यो अत्यधिक लोकप्रिय वार्षिक कार्यक्रम राष्ट्रव्यापी जनआन्दोलन बनेको छ, जसमा लगभग ४ करोड ५० लाख विद्यार्थी, शिक्षक र अभिभावकहरूले MyGov पोर्टल मार्फत भाग लिएका छन्। "परीक्षा पे चर्चा" पहल प्रधानमन्त्रीको दृष्टिकोण हो र यो राष्ट्रिय शिक्षा नीति २०२० सँग मेल खान्छ। यसले विद्यार्थीहरूको परीक्षा अनुभवलाई आत्मविश्वास, सकारात्मक सोच र समग्र खुशीमा रूपान्तरण गर्ने र परीक्षालाई उत्सवको रूपमा मनाउने लक्ष्य राखेको छ।

**राज्यमन्त्री - नागाल्याण्ड भ्रमण**

केन्द्रीय वातावरण राज्यमन्त्री कृतिवर्धन सिंह नागाल्याण्डको तीन दिने भ्रमणमा हुनुहुन्छ। वहा हिज नागाल्याण्ड पुग्नुभयो। श्री सिंहले भारतीय जनता पार्टी (भाजपा) को राज्य एकाइका सदस्यहरू र पूर्वी नागाल्याण्ड जन संगठन (ENPO) का प्रतिनिधिहरूसँग दिमापुरमा भेट गर्नुभयो। मन्त्रीले ऐतिहासिक सीमान्त नागाल्याण्ड क्षेत्रीय प्राधिकरण (FNTA) सम्झौतामा ENPO लाई बधाई दिनु भयो । वहाले यो सम्झौता नागाल्याण्डमा शान्ति र समृद्धिको दिशामा एक महत्त्वपूर्ण कदम भएको बताउनुभयो। मन्त्रीले पूर्वोत्तरको विकास र यसका युवाहरूको आकांक्षा पूरा गर्नु विकसित भारत २०४७ को लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण रहेको बताउनु भयो। भ्रमणको क्रममा, श्री सिंहले फेक जिल्लाको कपमोडजुको भ्रमण गर्नुभयो, जहाँ उहाँले आज एक स्थानीय कार्यक्रममा भाग लिनु हुनेछ । उहाँ भोलि राज्यको राजधानी कोहिमाको यात्रा गर्नुहुनेछ।

**राष्ट्रीय सुरक्षा सलाहकार-कनाडा दौरा**

भारत र क्यानाडा राष्ट्रिय सुरक्षा र कानून प्रवर्तन मुद्दाहरूमा सहयोगको लागि संयुक्त कार्य योजना तयार गर्न सहमत भएका छन्। यो निर्णय राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र क्यानाडाका राष्ट्रिय सुरक्षा सल्लाहकार नताली ड्रोइनबीच शनिबार ओटावामा भएको बैठकमा गरिएको हो । भारतीय विदेश मन्त्रालयले भनेको छ दुई देशहरूले सुरक्षा र कानून प्रवर्तन सम्पर्क अधिकारीहरू नियुक्त गर्नेछन् र उनीहरूको सम्बन्धित एजेन्सीहरूले कार्य सम्बन्धलाई बलियो बनाउने छन्। दुवै पक्षले साइबर सुरक्षा नीति र साइबर सुरक्षा मुद्दाहरूमा सूचना आदान प्रदानमा सहयोग गर्ने विषयमा छलफल जारी राख्न प्रतिबद्धता व्यक्त गरेका छन्। श्री डोभालले शुक्रबार क्यानडाका रक्षामन्त्री ग्यारी आनन्दसंगारे सित पनि भेटवार्ता गर्नु भएको थियो ।

**संशो जापान चुनाव**

जापानको प्रधानमन्त्री साने ताकेइचीको सत्तारुढ दलले संसदीय चुनावमा दुई तिहाइभन्दा बढी बहुमत प्राप्त गरेको छ। एक टेलिभिजन अन्तर्वार्तामा, ताकेइचीले भन्नु भयो यो ठुलो जितपछि उहाँ विपक्षीको समर्थनमा आफ्नो नीतिहरू अघि बढाउन तयार हुनु हुन्छ। प्रारम्भिक परिणामले ताकाइचीको लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) एक्लैले 316 सिट जितेको देखाएको छ, जुन 465 सदस्यीय तल्लो सदनमा पूर्ण बहुमतका लागि आवश्यक 261 सिटभन्दा धेरै बढी हो। सन् 1955 मा गठन भएको एलडीपीको यो रेकर्ड जित हुनेछ। सन् 1986 मा प्रधानमन्त्री यासुहिरो नाकासोनेको नेतृत्वमा एलडीपीले 300 सिट जितेको थियो । गठबन्धन साझेदार जापान इनोभेसन पार्टी-इशिन सँग मिलेर सत्तारूढ पार्टीले अहिले दुई तिहाइ भन्दा बढीको बहुमत प्राप्त गरेको छ, जसले ताकाइचीको शासन गर्ने म्यान्डेटलाई उल्लेखनीय रूपमा बलियो बनाएको छ।

**प्रधानमंत्री-साने ताकाइची**

प्रधानमन्त्री नरेन्द्र मोदीले संसदीय चुनावमा विजयको लागि आफ्ना जापानी समकक्षी साने ताकेइचीलाई बधाई दिनुभएको छ। सामाजिक सञ्जाल पोष्टमा प्रधानमन्त्री मोदीले दुई देशबीचको विशेष रणनीतिक तथा विश्वव्यापी साझेदारीले विश्वमा शान्ति, स्थिरता र समृद्धि कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउनु भएको छ। ताकाइचीको सक्षम नेतृत्वमा भारत-जापान मित्रता नयाँ उचाइमा पुग्ने श्री मोदीले विश्वास व्यक्त गर्नु भयो।

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले आज रति साढे नौ बजी फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा साइबर सुरक्षा विशेषज्ञ पवन दुग्गल सित "ऑनलाइन गेमिंग की लत: युवाओं के स्वास्थ्य के लिए एक बढ़ता खतरा" विषयमा चर्चा प्रस्तुत गर्नेछ। कार्यक्रम अवधि , श्रोताहरुले ऑनलाइन गेमिंग सित संबंधित खतरा, मानसिक स्वास्थ्य माथि यसको प्रभाव, लतबाट छुटकारा पाउने तरिका अनि यस सित सम्बन्धित अन्य विषयहरुमा प्रश्न सोध्न सक्ने छन्। कार्यक्रम अवधि श्रोताहरुले 011-23310481, 011-23717117, 011-23717106 र 011-23314444 नंबरमा आफ्नो प्रश्न सोध्न सक्ने छन् ।

**गिरिराज-पश्चिम बंगाल**

केन्द्रीय कपड़ा मन्त्री गिरिराज सिंहले पश्चिम बंगालमा भारतीय जनता पार्टी (भाजपा) सत्तामा आएमा सरकारले ह्यान्डलुम बुनकरहरूलाई वार्षिक 10 लाख रुपियाँ सम्म कमाउने सुनिश्चित गर्ने घोषणा गर्नु भएको छ। शान्तिपुरमा बुनकर सम्मेलनलाई सम्बोधन गर्नु हुदै श्री सिंहले शान्तिपुरका प्रसिद्ध साडीहरू अमेरिका र युरोपका बजारमा निर्यात गर्ने वाचा गर्नु भयो। बुनकरहरूको घट्दो संख्याप्रति चिन्ता व्यक्त गर्दै उहाँले भन्नु भयो उनीहरूको हालको मासिक आय 3000 देखि 6000 रुपियाँको बीचमा स्थिर छ। श्री सिंहले बुनकरहरूलाई धागो किन्नका लागि बनाइएको केन्द्रीय योजनाहरू रोक्नका लागि राज्य सरकारको आलोचना गर्नु भयो। उहाँले धागो किन्नको लागि केन्द्रले दिएको 500 करोड रुपियाँको लगभग 80 प्रतिशत बुनकरहरू सम्म नपुगेको आरोप लगाउनु भयो । श्री सिंहले भन्नुभयो, यदि भारतीय जनता पार्टी सत्तामा आयो भने उसले यी वित्तीय अनियमितताहरूको जाँच गर्नेछ र भ्रष्टहरूलाई कडा दण्ड दिनेछ।

**मेघालय विस्फोट**

मेघालयको थाङ्स्को क्षेत्रको मिन्गाटमा एक खदानमा विस्फोट भएपछि खोजी तथा उद्धार कार्य जारी छ। हिज कसैको शव फेला परेको छैन। मृत्यु हुनेको संख्या 27 रहेको छ । प्रभावित खानी क्षेत्रमा खोजी कार्य भोलि बिहानबाट पुनः सुरु हुनेछ। पूर्वी जयन्तिया हिल्स जिल्ला प्रशासनले अवैध खनन विरुद्ध अभियान तीव्र पारेको छ र कार्यकारी मजिस्ट्रेट, पुलिस र खनिज संसाधन निदेशालयका अधिकारीहरू सहित पाँच टोलीहरू तैनाथ गरेको छ। कथित अवैध खनन गतिविधिहरूको सम्बन्धमा एफआईआर दर्ता गरिएको छ र थप कानुनी कारबाही जारी छ।

**एसियाली इनडोर एथलेटिक्स**

भारतले चीनको तियानजिनमा भएको एसियाली इनडोर एथलेटिक्स च्याम्पियनसिपमा पाँच पदकसहित आफ्नो अभियान समाप्त गरेको छ र पदक तालिकामा छैटौं स्थानमा आएको छ । तेजस्विन शंकरले हिज उत्कृष्ट प्रदर्शन गर्दै पुरुष हेप्टाथलनमा भारतको लागि एकमात्र स्वर्ण पदक जिते। शंकरले ५,९९३ अंकको स्कोरका साथ नयाँ राष्ट्रिय इनडोर कीर्तिमान कायम गरे, २०२१ मा संयुक्त राज्य अमेरिकामा स्थापित ५,६५० अंकको आफ्नो अघिल्लो रेकर्डलाई पनि तोडे। खेलको अन्तिम दिन भारतले थप तीन पदक थपे भने पूजाले हाई जम्पमा रजत पदक जितिन्, तजिन्द्रपाल सिंह तूरले शटपुटमा रजत पदक जितिन्, र एन्सी सोजनले लंग जम्पमा कांस्य पदक जितिन्। आयोजक राष्ट्र चीनले च्याम्पियनसिपमा आफ्नो प्रभुत्व कायम राख्दै १० स्वर्ण, ११ रजत र १३ कांस्य सहित ३४ पदकसहित पदक तालिकामा शीर्ष स्थानमा रहेको छ ।

-